प्रस्तावहरु

१ भेटेरिनरी प्रमाणपत्र सम्बन्धमा
२ वधस्थलहरुको अनुगमन सम्बन्धमा
३ कुखुरा फार्ममा जैविक सुरक्षा सम्बन्धमा
४ मासु व्यवसायीहरुको सचेतना र अनुगमन सम्बन्धमा
५ Good Husbandry Practice सम्बन्धमा
६ नियमन इकाई संचालन सम्बन्धमा
७ जनचेतनामुलक सामाग्री सम्बन्धमा

निर्णय नं. १: भेटेरिनरी प्रमाणपत्र सम्बन्धमा

पशुजन्य उत्पादनहरूको ओसारपसारलाई व्यवस्थित र सुरक्षित बनाउन अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र (Veterinary Certificate) जारी गर्ने र जाँच गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने र हाल काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा वर्ड फ्लु रोग फैलिरहेको सन्दर्भमा स्याङ्जा जिल्लाको प्रमुख नाकाहरु राम्दी, कुभिण्डे र चापाकोटमा स्थानिय सुरक्षा निकाय र सम्बन्धित स्थानिय तह पशु सेवा शाखाहरुको समन्वयमा जिल्ला भित्रिने पशुपन्छी र मासु जन्य पदार्थहरुको भेटेरिनरी प्रमाणपत्र कडाईका साथ जाँच गरी प्रमाणपत्र नभएमा कानुन बमोजिम कारवाही गर्ने।

निर्णय नं. २: वधस्थलहरूको अनुगमन सम्बन्धमा

बजारमा स्वस्थ मासुको आपूर्ति सुनिश्चित गर्न जिल्लाभित्र सञ्चालित सम्पूर्ण वधस्थलहरूको जिल्ला प्रशासन कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय र सम्बन्धित स्थानिय तह प्रतिनिधित्व रहने टोली गठन गरी आकस्मिक तथा नियमित अनुगमन गर्ने र अनुगमन टोलीले वधस्थलको सरसफाइ, ढल निकासको निरीक्षण गरी वधस्थललाई मापदण्ड अनुसार संचालन गर्ने व्यवस्था मिलाउन सहजीकरण गर्ने साथै वधस्थलवाट मासु पसल सम्म मासु ढुवानी गर्दा अनिवार्य रुपमा कोल्ड चेन कायम राख्न लगाउने।

निर्णय नं. ३: कुखुरापालक व्यवसायीहरूलाई निर्देशन सम्बन्धमा

कुखुरापालन व्यवसायलाई सुरक्षित र व्यवसायिक बनाउन सम्पूर्ण कुखुरापालक व्यवसायीहरूलाई अनिवार्य रूपमा नियमानुसार दर्ता हुन र जैविक सुरक्षा (Biosecurity) का उपायहरू अपनाउन सूचित गर्ने। रोगको प्रकोप देखिएमा वा रोगको प्रकोप हुने शंका लागेमा नजिकको पशु सेवा शाखामा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयको सम्पर्क नं ९८५६०५२१९१/०६३-४२५००० तत्काल सुचना गर्न निर्देशन दिने।

निर्णय नं. ४: मासु व्यवसायीहरूको सचेतना र अनुगमन सम्बन्धमा

उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी मासु व्यवसायीहरूले अनिवार्य रूपमा डिप-फ्रिजको व्यवस्था गर्नुपर्ने, सफा एप्रोन र पन्जा प्रयोग गर्नुपर्ने तथा मासु काट्ने स्थान र औजारहरू सधैं जीवाणुरहित (Sanitized) राख्नुपर्ने साथै पशु वधशाला र मासु जाँच प्राविधिक निर्देशिका २०६४मा व्यवस्था भए अनुसार मासु विक्रिताले पालन गर्नु पर्ने शर्तहरु कडाइका साथ लागु गर्ने।

निर्णय नं. ५: उत्तम पशुपालन अभ्यास (Good Husbandry Practice) सम्बन्धमा

पशुजन्य उत्पादनको गुणस्तर बढाउन कृषक तहसम्म 'उत्तम पशुपालन अभ्यास' (Good Husbandry Practice - GHP) सम्बन्धी प्राविधिक ज्ञान तथा सचेतना फैलाउने र यसका लागि कृषकहरूलाई पशुको आवास, आहार, र स्वास्थ्य व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयले व्यवसायीहरु र स्थानिय तहको सहकार्यमा गर्ने साथै आ.व०८३/८४मा जिल्लाका केही फार्महरुमा नमुनाको रुपमा उत्तम पशुपालन अभ्यास लागु गर्न पहल गर्ने ।

निर्णय नं. ६: नियमन इकाई सञ्चालन सम्बन्धमा

मालुङ्गामा रहेको प्रदेश नियमन इकाईलाई कृषि विकास कार्यालय स्याङ्जा र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयको समन्वयमा प्रभावकारी रुपमा यथासिघ्र संचालन गर्ने।

निर्णय नं. ७: जनचेतनामूलक सामग्री सम्बन्धमा

स्वच्छ मासुको उपभोग विषयमा सर्वसाधारण, कृषक र व्यवसायीहरूलाई सचेत गराउन भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयले जनचेतनामूलक सामग्रीहरू तयार गरी प्रचार-प्रसार गर्ने ।